आजमिति २०७५/०३/२९ गते यस सोताङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को लागि वजेट तथा कार्यक्रम निर्माणको लागि वसेको अधिबेशनमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, तथा सम्पूर्ण सदस्यहरुको उपस्थितिमा देहाय बमोविम निर्णय गरियो ।

**निर्णय नं. १**

आर्थिक वर्ष २०७५/०७६ को लागि गाउँसभामा यस गाउँपालिकाकी उपाध्यक्ष श्री लक्ष्मी कार्की (बस्नेत) ले प्रस्तुत भएको सोताङ गाउँपालिकाको आर्थिक ऐन २०७५ सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस गाउँसभामा उपाध्यक्ष श्री लक्ष्मीकार्की (बस्नेत) ले प्रस्तुत गर्नु भएको आ.व. २०७४/०७५ को एकमुष्ठ खर्च रकम रु. १७ करोड १९ लाख ४८ हजार ३ सय २६ रुपैया नेपालको संविधान, आर्थिक कार्यविधि ऐन २०५५, सोताङ गाउँपालिकाको अन्तरिम आर्थिक कार्यविधि ऐन २०७४ एवम् अन्यप्रचलित ऐन कानुनको परिधिमा रही मितव्ययी, पारदर्शी ढंगले औचित्यपूर्ण तरिकाले खर्च गरेको देखिएकोले सम्पूर्ण खर्च पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

यस गाउँसभामा उपाध्यक्ष श्री लक्ष्मी कार्की (बस्नेत) ले प्रस्तुत गर्नु भएको सोताङ गाउँपालिकाको विनियोजन ऐन २०७५ सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस गाउँसभामा उपाध्यक्ष श्री लक्ष्मी कार्की (बस्नेत) ले प्रस्तुत गर्नु भएको सोताङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को वजेट तथा कार्यक्रम बक्तव्य सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस गाउँसभामा उपाध्यक्ष श्री लक्ष्मी कार्की (बस्नेत) ले प्रस्तुत गर्नु भएको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।